नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरवार, काठमाण्डौ
नेपाल

पत्र संख्या :-
चलानी नं. :-

## प्रेस विज्ञप्ति

हालै नेपाल मौसम विज्ञान विभागले मिति २०८३ असोज ८ गते बिहीबारदेखि ११ गते आइतबारसम्म देशका विभिन्न भागमा मेघगर्जन, चट्याङ, हावाहुरी सहित भारी वर्षा हुने भनी मौसम पूर्वानुमान सूचना जारी गरेको व्यहोरा विदितै छ। सम्भावित मौसमी परिवर्तनका कारण निम्तिन सक्ने प्राकृतिक विपद् तथा आसन्न चाडपर्व समेतलाई लक्षित गरी अत्यावश्यक वस्तुको आवश्यक मौज्दात कायम राख्न र आपूर्ति शृङ्खलालाई थप सुदृढ बनाउन सरकारी तथा निजी क्षेत्रका आपूर्ति सम्बद्ध संस्थाहरू र व्यवसायीहरूसँग निरन्तर समन्वय भइरहेको छ। हाल राष्ट्रिय खाद्य सुरक्षा भण्डार र सार्क खाद्य सुरक्षा बैंकमा पर्याप्त मात्रामा खाद्यान्न मौज्दात रहेको छ। बजारमा पनि खाद्यान्न लगायतका अत्यावश्यक वस्तुको बिक्री बितरण सहज रूपमा भइरहेको छ। बाढी, पहिरो वा अन्य कारणले प्रमुख राजमार्ग तथा आपूर्ति मार्ग अवरुद्ध भएमा सडक विभाग, स्थानीय प्रशासन एवम् सुरक्षा निकायसँग समन्वय गरी वैकल्पिक मार्गबाट अत्यावश्यक वस्तुको ढुवानीलाई निरन्तरता प्रदान गरिनेछ।

तसर्थ, दैनिक अत्यावश्यक उपभोग्य वस्तु सुपथ मूल्यमा सहजै ढङ्गबाट प्राप्त गर्ने गरी आपूर्ति व्यवस्था मिलाइएको हुँदा माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पर्न नदिन वस्तुको अधिक सञ्चय तथा भण्डारण नगर्न नगराउन हुन आम उपभोक्तासमक्ष अनुरोध छ। आपत विपद् र चाडपर्वको मौका छोपी कार्टेलिङ गर्ने, सिण्डिकेट गर्ने, कालोबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, अस्वाभाविक मूल्य वृद्धि गर्ने वा अनुचित रूपमा वस्तु लुकाउने कार्य हुन नदिन सूचना संकलन, विश्लेषण र बजार अनुगमनलाई थप सघन एवम् प्रभावकारी बनाइएको छ। कुनै पनि वस्तुको कृत्रिम अभाव, कालोबजारी, अस्वाभाविक मूल्यवृद्धि, जम्माखोरी वा उपभोक्ता हितविपरीतका गतिविधि भएको गरेको पाइएमा वा कुनै गुनासो भएमा देहायका निकाय तथा सम्पर्क नम्बरमा जानकारी गराई बजार नियमन कार्यमा सहयोग गर्न हुन सरोकारवाला सबै समक्ष हार्दिक अनुरोध छ।

(जितेन्द्र बस्नेत)
सहसचिव/ प्रवक्ता

देहाय:

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय- सूचना अधिकारी(९७४५९४४२७६), गुनासो सुन्ने अधिकारी(९८५१४५२४६६)
वाणिज्य,आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग-सूचना अधिकारी(९८५१२७३५३४),गुनासो सुन्ने अधिकारी(११३७)
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड- सूचना अधिकारी(९८५१३१९३१३)
नेपाल आयल निगम लिमिटेड- प्रवक्ता(९८५१३१७४९६), QRT (९८५१४५५१२८), (९८५१४५५१२४)
साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड.- सूचना अधिकारी (९८५१०३३३०३)

मितिः २०८३/०६/०८